गण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भुम्लीचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

प।स: ०८२।०८३
च।न:

**संघीय सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धि सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/२७**

प्रस्तुत विषयमा, यस गण्डकी गाउँपालिकाको चालु आ.ब. २०८२/८३ का लागि संघीय सशर्त कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुसार कार्यान्वयन गर्नका लागि इच्छुक कृषक, कृषि फर्म, कृषक सहकारीहरुबाट दरखास्त आव्हानको लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) औ दिनभित्र अर्थात मिति २०८२/११/०४ गते भित्र यस गाउँपालिकाको कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयहरुमा तपसिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | बजेट रु. | क्रियाकलापहरु | लक्षित वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | ९ लाख | क) प्राङ्गारिक कृषिमा आधारित क्षमता अभिबृद्धि कार्यक्रम तथा प्रद्धर्शन<br>ख) प्राङगारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार कार्यमा सहयोगी क्रियाकलापहरु (जस्तै भर्मिकम्पोष्ट मल कम्पोष्ट मल जैविक मल शुक्ष्म जैविक मल उत्पादन वनस्वतिक/जैविक विषादी)<br>ग) प्राङ्गारिक नमुना कृषि फर्म स्थापना<br>घ) रैथाने बाली उत्पादन प्रवर्द्धन गर्ने सहयोगी क्रियाकलापहरु | व्यवसायिक उद्यमी कृषक, समुह तथा सहकारीहरु र विपन्न वर्ग | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. कार्यक्रम मागको निवेदन
२. संचालन गर्ने क्रियाकलापहरु खुल्ने कार्ययोजना/प्रस्ताव
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. संस्था दर्ता, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
५. गत आ.ब.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
७. सहकारीको हकमा संस्थागत निर्णयको प्रतिलिपि
८. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि

नोटः थप जानकारिको लागि गण्डकी गाउँपालिका कृषि विकास शाखा, मोबाइल नं. ९७६४३९८६१० , ९८६०१८६७८२ मा सम्पर्क गर्न सकिनेछ।

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

**श्री सूचना प्रविधि शाखा, सूचना प्रवाह गरिदिनुहुन**
**श्री सबै वडा कार्यालयहरु, सूचना टाँस तथा प्रवाह गरिदिनुहुन।**

सम्पर्क : ९८५६०१०९७६, Email: gandakirm@gmail.com, Website: www.gandakimun.gov.np